प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश नं. १, विराटनगर, नेपाल

## जनयुद्ध, दोस्रो जनआन्दोलन, मधेस आन्दोलन र आदिवासी जनजाती आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने परिवारले रकम प्राप्त गर्न निवेदन पेश गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०७९।०८।२७ गते

प्रदेश नं. १ सरकारको आ.व. २०७९।०८० को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम बमोजिम **जनयुद्ध, दोस्रो जनआन्दोलन, मधेस आन्दोलन र आदिवासी जनजाती आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने परिवारलाई रकम उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७९** मा व्यवस्था भए अनुसार उक्त आन्दोलनका क्रममा सहादत प्राप्त गर्ने प्रदेश नं १ मा स्थायी वसोवास भएका प्रचलित कानून बमोजिमका हकवालालाई रु १ लाख रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयमार्फत उपलब्ध गराउने व्यवस्था भएकोले सम्बन्धित हकवालाहरूले देहायको कागजातसहित आफ्नो स्थायी ठेगाना भएको जिल्ला प्रशासन कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

<u>निवेदनसाथ पेश गर्नु पर्ने कागजातहरू:</u>

(क) जनयुद्ध, दोस्रो जनआन्दोलन, मधेस आन्दोलन र आदिवासी जनजाती आन्दोलनका क्रममा सहादत प्राप्त गर्नेका परिवारको सदस्य सहादत प्राप्त गरेको विवरण खुल्ने कागजात वा परिचयपत्र वा नेपाल सरकारबाट आन्दोलनको क्रममा मृतकको परिवार भएको प्रमाणित गर्ने आधिकारिक कागजात।

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(ग) प्रचलित कानून बमोजिम हकवाला खुल्ने कागजात।